# गोलबजार नगर कार्यपालिकाको कोष परिचालन निर्देशिका
# २०७४

कार्यपालिकाबाट स्वीकृत मिति २०७४/०९/३०

गोलबजार नगरपालिका
सिरहा जिल्ला
२ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

# गोलबजार नगरपालिकाको कोष परिचालन निर्देशिका, २०७४

प्रस्तावना :

गोलबजार नगरपालिकाबाट नगरसभाबाट पारित विनियोजन ऐनबाट व्यवस्थित गरिएका विभिन्न कोषहरुबाट खर्च गर्ने विधि नियमित गर्न जरुरी देखिएकोले,

कोषको प्रकृति अनुसार ती कोषबाट कानूनसम्मत खर्च गरी खर्चमा पारदर्शिता कायम गर्दै सुशासन कायम गर्न आवश्यक देखिएकाले र न्यायपूर्ण मापदण्ड स्थापना गर्न जरुरी देखीएकोले यो निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## खण्ड १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम **"गोलवजार नगर कार्यपालिकाको कोष परिचालन निर्देशिका, २०७४"** रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले पारित गरेका दिनदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **"प्रमुख"** भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) **"उप प्रमुख"** भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले संविधानको धारा २१६ बमोजिम गठित गोलवजार नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले संविधान बमोजिमको नगरपालिका सम्झनु पर्छ ।

## खण्ड २

## कार्यविधिगत व्यवस्था

३. स्थापना गरिएका कोषहरु :

क) मर्मत सम्भार कोष

ख) दैवी प्रकोप उद्धार विशेष कोष

ग) गरिवी निवारण तथा सामाजिक परिचालन कोष

घ) महिला तथा वालवालिका कोष

ङ) सामुदायिक स्वास्थ्य कोष

च) सरसफाइ तथा वातावरण कोष

२०७४।०६।३०

प्रमुख प्रशासकीय अधिकृत

छ) पूर्वाधार विकास कोष

ज) मानव संसाधन विकास कोष

**४. कोषबाट खर्च गर्ने प्रक्रिया:(** सामान्यतया नगरसभाबाट पारित सो वर्षको विनियोजन ऐनमा विषयसंग मिल्दोजुल्दो प्रक्रियाका खर्च शीर्षकमा रकम रहेसम्म कोषबाट खर्च गरिने छैन । विभिन्न कोषबाट खर्च गर्दा देहाय बमोजिमका अवस्था रहनुपर्नेछ ।

**क) मर्मत सम्भार कोष :(**

१. मर्मत सम्भार खर्च शीर्षकमा रकम नरहेमा

२. मर्मत नगरेमा नगरका सम्पत्तिमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा निर्णयबाट पूँजीगत सामान खरीद गर्नुपर्ने देखिएमा

**ख) दैवी प्रकोप उद्धार विशेष कोष**

१. दैवी प्रकोप र आकस्मिक तथा भैपरि आउने खर्च शीर्षकमा रकम नरहेमा

२. नगरका सम्पत्तिमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा निर्णयबाट पूँजीगत सामान खरीद गर्नुपर्ने देखिएमा

**ग) गरिवी निवारण तथा सामाजिक परिचालन कोष:**

यो विषय बहुआयामिक भएको र विभिन्न कार्यबाट गरिबी घटाउन तथा न्यूनीकरण गर्न सकिने भएकाले ती कार्यका लागि खर्च गर्न आवश्यक देखिएमा र समाजका विविध आयामका श्रोत तथा श्रोत परिचालनका आयामलाई परिचालन गर्न आवश्यक देखिएमा विविध शीर्षकमा खर्च गर्न सकिनेछ । यसका अतिरिक्त देहायका अवस्थामा यस कोषबाट खर्च गर्न सकिनेछ ।

१. गरिवी निवारण तथा सामाजिक परिचालन खर्च शीर्षकमा रकम नरहेमा

२. नगरका सम्पत्तिमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा गरिवी निवारण तथा सामाजिक परिचालनमा खर्च नगरी नहुने अवस्था देखिएमा

**घ) महिला तथा वालवालिका कोष**

यो विषय बहुआयामिक भएको र विभिन्न कार्यबाट महिला तथा वालवालिकाका लागि कल्याणकारी कार्य गर्न सकिने भएकाले ती कार्यका लागि खर्च गर्न आवश्यक देखिएमा कार्यक्रम शीर्षकमा खर्च गर्न सकिनेछ । यसका अतिरिक्त देहायका अवस्थामा यस कोषबाट खर्च गर्न सकिनेछ ।

१. महिला तथा वालवालिकाका खर्च शीर्षकमा रकम नरहेमा

२. खर्च नगरेमा नगरका महिला तथा वालवालिकामाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा महिला तथा वालवालिका शीर्षकमा खर्च नगरी नहुने अवस्था देखिएमा

४. लक्षित कार्यक्रममा रकम अपुग भएको अवस्थामा

प्रमुख प्रशासकिय अधिकृत
(उप सचिव)

**ङ) सामुदायिक स्वास्थ्य कोष**

१. स्वास्थ्य खर्च शीर्षकमा रकम नरहेमा

२. खर्च नगरेमा नगरका नागरिकमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा स्वास्थ्य शीर्षकमा खर्च नगरी नहुने अवस्था देखिएमा

४. लक्षित कार्यक्रममा रकम अपुग भएको अवस्थामा

**च) सरसफाइ तथा वातावरण कोष**

१. सरसफाइ तथा वातावरण संरक्षण खर्च शीर्षकमा रकम नरहेमा

२. खर्च नगरेमा नगरका नागरिकमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा सरसफाइ तथा वातावरण संरक्षण शीर्षकमा खर्च नगरी नहुने अवस्था देखिएमा

४. लक्षित वर्गका **सरसफाइ तथा वातावरण** कार्यक्रममा रकम खर्च गर्नुपर्ने अवस्था भएमा

**छ) पूर्वाधार विकास कोष**

१. पूर्वाधार विकास तर्फको खर्च शीर्षकमा रकम नरहेमा

२. खर्च नगरेमा नगरका नागरिकमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा पूर्वाधार विकास शीर्षकमा खर्च नगरी नहुने अवस्था देखिएमा

४. लक्षित वर्गका पूर्वाधार विकास कार्यक्रममा रकम खर्च गर्नुपर्ने अवस्था भएमा

**ज) मानव संसाधन विकास कोषः** यो विषय बहुआयामिक भएको र विभिन्न कार्यबाट मानव संसाधन विकास गर्न सकिने भएकाले ती कार्यका लागि खर्च गर्न आवश्यक देखिएमा र समाजका विविध आयामका श्रोत तथा श्रोत परिचालनका आयामलाई परिचालन गर्न आवश्यक देखिएमा विविध एवं कार्यक्रम शीर्षकमा खर्च गर्न सकिनेछ । यसका अतिरिक्त देहायका अवस्थामा यस कोषबाट खर्च गर्न सकिनेछ

१. मानव संसाधन विकास तर्फको खर्च शीर्षकमा रकम नरहेमा

२. खर्च नगरेमा नगरका नागरिकमाथि व्यापक असर परी क्षति पुग्न जाने भएमा

३. विशेष अवस्थामा मानव संसाधन विकास शीर्षकमा खर्च नगरी नहुने अवस्था देखिएमा

४. लक्षित वर्गका पूर्वाधार विकास कार्यक्रममा रकम खर्च गर्नुपर्ने अवस्था भएमा

कोषको खर्च कार्यान्वयन प्रकृया : प्राप्त कागजात एवं संवेदनशीलता उपर नगर प्रमुखलाई उपयुक्त लागेमा विषयको गाम्भीर्यता, परिमाण र प्राथमिकताका आधारमा निर्देशिका बमोजिम प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा प्रयोजन र रकम खुलाई तोक आदेश लगाईने छ र सोलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत् कार्यान्वयन गराईने छ ।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

## खण्ड ३

## विविध

६. खर्च गर्न वाध्य नहुने :

निर्देशिका बमोजिम खर्च गरिने भनी उल्लेख गरिएता पनि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई उचित नलागेमा वा विश्वस्त हुन नसकेमा कोष खर्च गर्न नगरपालिका बाध्य हुने छैन ।

७. निर्देशिकाको संशोधन :

समय, आवश्यकता र औचित्यताका आधारमा यस निर्देशिकालाई समयानुकुल संशोधन गर्न सकिने छ ।

आज्ञाले

गिरीराज ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति: २०७४/०९/३०

पाना नं. १ देखि ४

प्रमुख प्रशासकिय अधिकृत
(उप-सचिव)